नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री गणेश अर्याललेगरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-२४३ दायर मितिः-२०८१/१०/०७**

**फैसला मितिः-२०८१/१०/२८**

**वादी**

**शम्भु प्रसाद चौहानको जाहेरीले**

**नेपाल सरकार.........................१**

**प्रतिवादी**

**जिल्ला पर्सा कालिकामाई गाउँपालिका वडा नं.०२ घर भई हाल बीरगंज महानगरपालिका वडा नं.१९ बिन्दवासनी टोल बस्ने मोतीलाल साह कलवारको छोरा वर्ष ४० राज कुमार साह........१**

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीले जाहेरवालालाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त.।
२. प्रतिवादीले जाहेरवालालाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।
३. मैले जाहेरवालाई गाली गलौज गरेको छैन, हामी बिच भए लेनदेन सम्बन्धमा सल्लाह कुराकानी भएको हुँदा मलाई झुटो आरोप लगाएकोले मलाई प्रहरीले पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।
४. जाहेरवालालाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेकोले प्रतिवादीलाई कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका रोहित कुमार गुप्ता समेतको घटनाविवरण कागज।
५. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।
६. प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको ईन्कारी बयान ।
७. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।
८. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

**ठहर-खण्ड**

यसमा प्रतिवादीले ईन्कारी बयान गरेता पनि, मिति २०८१।०९।१९ गते अं.१०:०० बजेको समयमा जिल्ला पर्सा बीरगंज महानगरपालिका वडा नं. २४ रामगढवा टोल स्थित प्रतिवादी राज कुमार साहलाई भेटी आफ्नो जग्गा फिर्ता गर्ने बारेमा कुरा गर्न खोज्दा निज प्रतिवादी उत्तेजित भई म उपर अश्लिल गाली गलौज गरी अभद्र व्यवहारको कसूर गरेको हुँदा निज प्रतिवादीलाई कानून बमोजिम कारबाही होस् भन्ने जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। यसरी जाहेरवाला र प्रतिवादी बिच लेनदेन रहेकोमा सोही कारणले प्रतिवादीले जाहेरवालालाई गाली गलौज गरी अभद्र गरेको तथ्य स्थापित हुन गएको देखिएको अवस्था समेतलाई बिश्लेषण गरी मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी राज कुमार साहलाई कैद दिन १२, जरिवाना रु.६०००/- अक्षरेपी छ हजार र क्षतिपूर्ती शुल्क रु.२४०/- मात्र ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**तपसिल खण्ड**

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी राज कुमार साहलाई ठहरेको कैद दिन १२ को हकमा निज मिति २०८१/०९/२५ देखि २०८१/१०/०७ गते सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवाना तथा क्षतिपूर्ती शुल्कको हकमा र.नं.२०४/२०८१/१०/०८ बाट दाखिला गरेको धरौटी रकम रु.६२४०/- बाट जरिवाना रकम रु.६०००/- र क्षतिपूर्ती शुल्क रु.२४०/- कट्टी गर्नु-----------------------------------------------------------------------------------------------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याददिनु-१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु------------------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------------१

**गणेश अर्याल**

**प्रमुख जिल्ला अधिकारी**

ईति सम्बत् २०८१ माघ महिना २८ गते सोमवार रोज २/ ने.सं. ११४५ सिल्लाध्व त्रयोदशी, शुभम् ........